# चिरख्वा हाइड्रोपावर लिमिटेड
# Chirkhwa Hydropower Limited

**रजिष्टर्ड ठेगानाः काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २९, घट्टेकुलो, काठमाण्डौ, नेपाल**
**फोन नं. ०१-४५२४३८१, पो.ब.नं. १९३८७**
**इमेलः chirkhwa@gmail.com वेबसाइटः www.chirkhwahpl.com**

को

# विवरणपत्र

(कम्पनी ऐन, २०६३ को दफा २३ तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अन्तर्गत प्रकाशित)

आफ्नो जारी पूँजी रु.४००,०००,०००/- (अक्षरेपी चालिस करोड रुपैंयाँ) मध्ये ३०% अर्थात रु.१२,०००,०००/- (अक्षरेपी बाह्र करोड रुपैंयाँ) रकम बराबर प्रति शेयर रु. १००/- अंकित मुल्यको १,२००,००० (बाह्र लाख) कित्ता साधारण शेयर मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही जारी पूँजीको १०% अर्थात रु.४०,०००,०००/- (अक्षरेपी चार करोड रुपँया) रकम बराबरको रु. १००/- अँकित दरको ४,००,००० कित्ता शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाको लागि र बाँकी रहेको जारी पूँजीको २०% अर्थात रु.८,००,००,०००/- (अक्षरेपी आठ करोड रुपैया) रकम बराबरको रु. १००/- अँकित दरको ८,००,००० कित्ता मध्ये (नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई १०% अर्थात ८०,००० कित्ता, कर्मचारीहरुलाई २% अर्थात १६,००० कित्ता तथा सामूहिक लगानी कोषलाई ५% अर्थात ४०,००० कित्ता समेत) सर्वसाधारणहरुमा निष्काशन गरिएको छ । यस कम्पनीले आयोजना स्थल भोजपुर जिल्ला, साविक नेपालेडाँडा, कुदाककाउले, खार्तम्छा गा.वि.स.का हाल परिवर्तित षडानन्द नगरपालिका वडा नं. १, २, ३, ४, ५ र ६ मा स्थायी बसोबास गर्ने आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाको लागि ४,००,००० कित्ता शेयर छुट्याईएको छ ।

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मुल्य रु. १००/- का दरले शत्प्रतिशत भुक्तानी माग गरिएको**

**नेटवर्थ सम्बन्धी विवरण**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९९.९४ | १००.०१ | १००.०१ | १०२.०७ | १०६.८० | १०८.११ |
| प्रति शेयर आम्दानी (रु.) | (०.०६) | - | - | २.०७ | ११.४२ | १३.११ |
| संचित नाफा/नोक्सान (रु.) | (११२,८८४) | १४,२६७ | १४,२६७ | ८,२९५,७७१ | २७,१८९,१७० | ३२,४४४,७४१ |

**विद्युत परियोजनाको नाम** : माथिल्लो चिरख्वा खोला जलविद्युत आयोजना ।

**विद्युत उत्पादन क्षमता** : ४.७ मेगावाट ।

**आयोजनाको कुल अनुमानित लागत** : ९९८,०००,०००/-**[Interest during construction (IDC)] सहित** **प्रति मेगावाट लागत** : २१२,३४०,४२६/-

**विद्युत उत्पादन अनुमतिको बाँकी अवधी** : अनुमतिपत्र बहाल रहने अवधि मिति वि.स.२०७३/११/११ देखि मिति २१०८/११/१० सम्म रहकोले अब जम्मा २८ वर्ष ८ महिना मात्र बाँकी रहेको छ ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period):** ७.३९ वर्ष **डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period):** १२.१४ वर्ष

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा (ग) ८. मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण**

**संस्थापक तथा संचालकहरु तथा संस्थापक शेयरधनीहरुका एकाघरको परिवारका सदस्यले समेत यस सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् ।**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण**

यस कम्पनीलाई इक्रा नेपाल लिमिटेडले “[ICRANP-IR] BB- (pronoucned ICRA NP issuer rating double B minus)" रेटिङ्ग सन् २०२३ फेव्रुअरी १३ (मिति २०७९/११/०१) मा प्रदान गरको छ । “[ICRANP-IR] BB- [pronoucned ICRA NP issuer rating double B minus]" ले कम्पनीको वित्तिय दायित्व बहन गर्न क्षमता औसत जोखिम "Moderate Risk of Default Regarding Timely Servicing of Financial Obligations" जनाउँदछ । इक्रा नेपाल लिमिटेडले [ICRANP-IR) AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले सकारात्मक आधार जनाउँछ भने [ICRANP-IR) D ले नकारात्मक आधारहरू जनाउँछ । रेटिङ्ग प्रदान गरेको मिति : सन् २०२३ फेव्रुअरी १३ (मिति २०७९/११/०१) रेटिङ्ग बहाल रहने अवधि : सन् २०२४ फ्रवुअरी १३ (मिति २०८०/११/०१) सम्म

***आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि र कर्मचारीहरुका लागि बिक्री वितरण गरको शेयर सवर्साधारणका लागि निष्काशन गरको शेयर बाडँफाडँ भएको मितिले ३ (तीन) वर्ष पुरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।***

विद्युत नियमन आयोगको पूर्व स्विकृति सम्बन्धी विवरण : यस निष्काशनलाई विद्युत नियमन आयोगले मिति २०७९/०६/३० गते च.नं. २०६ प.सं. २०७९/०८० को पत्रबाट सहमति प्रदान गरेको छ ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मितिः २०८०/०३/२१ कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मितिः २०८०/०४/११

**साधारण शेयरको बिक्री खुल्ला अवधिः**

**आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुका लागि** : धितोपत्र निष्काशन खुल्ला मितिः २०८०/०४/२८ गते, धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा): २०८०/०५/१० गते (बैंकिङ्ग समय पश्चात्) धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८०/०५/२५ गते (बैंकिङ्ग समय पश्चात्)

**आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु तथा सर्वसाधारणहरुका लागि न्युनतम १० कित्ता र अधिकतम १,००,००० कित्ता**

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागिः** धितोपत्र निष्काशन खुल्ला मितिः २०८०/०४/२८ गते

धितोपत्र निष्काशन बन्द हुने मितिः २०८०/०५/१० गते (बैंकिङ्ग समय पश्चात्)

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि न्युनतम १० कित्ता र अधिकतम ५,००० कित्ता**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

आरबिबि मर्चेन्ट बैंकिङ्ग लि.
RBB MERCHANT BANKING LTD.
A subsidiary company of Rastriya Banijya Bank Ltd.

**आरबिबि मर्चेन्ट बैंकिङ्ग लिमिटेड**
पोष्ट बक्स नं. ६६३, टेकु, काठमाण्डौ, नेपाल
फोनः ५३४३२६५/५३४०९३२/५३४०९३३, फ्याक्सः ५३४५०१८
E-mail: rbbmbl@rbbmbl.com.np

**(क) १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा:**

(क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

(ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले आरबिबि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौ लाई सम्झनु पर्दछ ।

(ग) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी चिरख्वा हाइड्रोपावर लिमिटेड लाई सम्झनु पर्दछ ।

(घ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरु सम्झनु पर्दछ । सो शव्दले नेपाल धितोपत्र बोर्डको आस्वा सेवामा आवद्ध बैंक तथा वित्तिय संस्थाहरुलाई समेत बुझाउँदछ ।

(ङ) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ ।

(च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, नेपाल विद्युत प्राधिकरण, विद्युत विकास विभाग तथा विद्युत नियमन आयोगलाई सम्झनु पर्दछ ।

(छ) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन" भन्नाले चिरख्वा हाइड्रोपावर लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन सम्झनु पर्दछ ।

(ज) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(झ) "स्थानीयवासी" भन्नाले आयोजनाको प्रभावित क्षेत्रमा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँछ । यस कम्पनीको वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनमा प्रभावित क्षेत्र भन्नाले यस कम्पनीले आयोजना स्थल भोजपुर जिल्ला, साविक नेपालेडाँडा, कुदाककाउले, खार्तम्छा गा.वि.स.का हाल परिवर्तित षडानन्द नगरपालिका वडा नं. १, २, ३, ४, ५ र ६ मा स्थायी बसोबास गर्ने नेपाली नागरिकलाई जनाउँदछ ।

(ञ) "वित्तीय विवरण" भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिबर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

(ट) "प्रति शेयर नेटवर्थ" भन्नाले संगठित संस्थाको वासलातमा रहने सम्पतिको कुल जोडमा बाह्य दायित्वलाई घटाई कायम हुन आउने रकम सम्झनुपर्छ ।

(ठ) "प्रति शेयर आम्दानी" भन्नाले संगठित संस्थाको आम्दानीलाई उक्त संस्थाको चुक्ता शेयर पूँजीले भाग गर्दा आउने भागफल सम्झनुपर्छ ।

(ड) "साधारण लगानी फिर्ता हुने अवधि" भन्नाले सामान्य रुपमा कति समयभित्र लगानी प्रतिफल प्राप्त हुन्छ, सो अवधिलाई सम्झनुपर्छ ।

(ढ) "डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि" भन्नाले डिस्काउन्टीङ फ्याक्टर प्रयोग गरेर कति समयभित्र लगानी प्रतिफल प्राप्त हुन्छ, सो अवधिलाई सम्झनुपर्छ।

(ण) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बण्ड, डिबेन्चर स्टक वा सामूहिक लगानी योजना सम्बन्धी प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र,बचतपत्र वा बण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनी बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्रि वा विनिमय गर्न सक्ने अधिकारपत्रलाई समेत जनाउँदछ ।

(त) "आयोजना" भन्नाले कम्पनीद्धारा निमार्णधिन ४.७ मेगावाट जडित क्षमताको चिरख्वा हाइड्रोपावर लिमिटेड जनाउँदछ ।

(थ) "आधारभूत शेयरधनी" भन्नाले कम्पनीको चुक्ता पूँजीको १ प्रतिशत वा सो भन्दा बढी शेयर धारण गरेको शेयरधनी सम्झनुपर्छ ।

**(ख) १. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान:**

| सि.नं. | विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान |
|---|---|
| १. | आरबिबि मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौ र वेबसाइट : www.rbbmbl.com.np |
| २. | चिरख्वा हाइड्रोपावर लिमिटेड, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २९ र website : www.chirkhwahpl.com |

साथै, नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ ।

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : सर्वसाधारण र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाईन प्रयोग गरि सि-आश्वा प्रणाली मार्फत आवेदन दिन सकिने छ । |

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने सम्बन्धी थप व्यवस्था :**

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फारम लिने व्यवस्था गरिएको छ :

| क्र.स. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने संकलन केन्द्रको नाम | ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | भोजपुर शाखा | करुणा गौतम | ९८४२५८१६४४ |
| २ | नेपाल बैंक लिमिटेड | भोजपुर शाखा | ईन्दिरा भट्टराई | ९८४४६०६१६२ |
| ३ | राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | दिङ्गला शाखा | सन्दिप कुमार पट्टेल | ९८६५१०८८६५ |
| ४ | लक्ष्मी सनराईज बैंक लिमिटेड | भोजपुर शाखा | निनम राई | ९८१६३२९८६३ |

आयोजना प्रभावित क्षेत्र भोजपुर जिल्ला, षडानन्द नगरपालिकाका १, २, ३, ४, ५ र ६ मा स्थायी बसोवास गर्ने स्थानीय बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु. २/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ । आयोजना प्रभावित क्षेत्र षडानन्द नगरपालिका १, २, ३, ४, ५ र ६ मा स्थायी बसोबास गर्ने स्थानिय बासिन्दाका लागि दरखास्त फारम चिरख्वा हाइड्रोपावर लिमिटेडको वेभसाइट www.chirkhwahpl.com तथा आरबिबि मर्चेन्ट बैकिङ्ग लिमिटेडको वेभसाइट www.rbbmbl.com.np बाट समेत डाउनलोड गर्न सकिन्छ ।

नोट : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा आस्वा मार्फत आवेदन फाराम बुझाउने व्यवस्था नरहेको ।

**(ग) १. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई कम्पनी तथा यसका संचालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**(ग) २. संगठित संस्थाको उद्घोषण:**

(क) **संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण** : यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा

कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**(ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण** : यस कम्पनीले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गर्दा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नु पर्नेछ ।

**(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण** : प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकायको सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा पेश गरेका छौ । कम्पनी रजिष्ट्रारको कार्यालयमा वार्षिक पेश गर्नु पर्ने विवरणहरु समेत पेश गरेका छौं ।

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्नुपर्ने विवरणहरु पेश गरेको हुनाले कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/१२/२२ मा प्राप्त पत्रानुसार यस कम्पनी आ.व. २०७८/०७९ सम्म कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको छ ।

**(घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण:**

(१) यस संगठित सस्थाको सस्थापक, संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालोसूचिमा रहेका छैनन् ।

(२) यस संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख कालोसूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको १० (दश) वर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०८ बमोजिम संचालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

(६) कम्पनी ऐन, २०६३ को दफा ८९ बमोजिम कम्पनीको संचालकहरु कम्पनीको संचालक हुन अयोग्य नरहेको ।

**(ग) ३. संगठित संस्था सम्बन्धी जानकारी :**

**(क) संगठित संस्थाको पृष्ठभूमि :**

**क) संगठित संस्थाको नाम** : चिरख्वा हाइड्रोपावर लिमिटेड (Chirkhwa Hydropower Limited)

**ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा** : कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित ।

**ग) कम्पनीको रजिष्टर्ड ठेगाना:** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २९, घट्टेकुलो, काठमाण्डौमा रहेको छ ।

**घ) कारोबार गर्ने मुख्य स्थान** : यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २९ घट्टेकुलो, काठमाण्डौ र आयोजना स्थल (जलविद्युत केन्द्र) भोजपुर जिल्ला, षडानन्द नगरपालिका वडा नं. १, २ र ३ मा अवस्थित रहेको छ ।

**ङ) संगठित संस्थाको स्थापनाकालदेखि हाल सम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु** : कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

१) नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले चिरख्वा हाइड्रोपावर प्राइभेट लिमिटेड मिति २०६५/०९/२७ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७६/०३/२५ गते कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडको रुपमा परिणत भई चिरख्वा हाइड्रोपावर लिमिटेडको रुपमा दर्ता अभिलेख भई कारोबार सञ्चालन गर्दै आएको कम्पनी हो ।

२) कम्पनीमा हाल १२० जना संस्थापक शेयरधनी रहेका छन् । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ७० प्रतिशत संस्थापक शेयर, १० प्रतिशत आयोजना प्रभावित क्षेत्रका बासिन्दा र २० प्रतिशत सर्वसाधारण शयेरधनीहरुका लागि छुट्याई बाँडफाँड गर्ने व्यवस्था रहेको छ । कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा हाल सम्म भएको संशोधन निम्न अनुसार रहेको छ ।

| संशोधन भएको दफा | संशोधनको विषय | संशोधन स्वीकृत भएको संचालक समितिको | | कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति |
|---|---|---|---|---|
| | | निर्णय नं. | मिति | |
| दफा २ | ठेगाना परिवर्तन | दोस्रो वार्षिक साधारण सभा | २०७७/९/२४ | २०७७/११/७ |
| दफा ६ (घ) | सर्वसाधारणको लागि छुट्याइएको शेयर | दोस्रो वार्षिक साधारण सभा | २०७७/९/२४ | २०७७/११/७ |
| दफा ६ (ङ) (१) | संस्थापकको शेयर प्रतिशत | दोस्रो वार्षिक साधारण सभा | २०७७/९/२४ | २०७७/११/७ |
| दफा ६ (ङ) (२) | सर्वसाधारण, कर्मचारी तथा अन्यलाई छुट्याइएको शेयर | दोस्रो वार्षिक साधारण सभा | २०७७/९/२४ | २०७७/११/७ |

३) विद्यत् विकास विभाग, उर्जा मन्त्रालयले चिरख्वा खोला जलविद्युत आयोजना (४.७ मे.वा.) बाट विद्युत उत्पादनको लागि निम्म बमोजिम अनुमति प्रदान गरेको छ ।

| अनुमतिपत्रको नाम | अनुमतिपत्र प्राप्त मिति | अनुमतिपत्र प्रदान गर्ने संस्था | अनुमतिको संक्षिप्त विषयवस्तु | अनुमतिपत्र बहाल रहने अवधि |
|---|---|---|---|---|
| विद्युत उत्पादन अनुमतिपत्र | वि.सं.२०७३/११/११ | विद्युत विकास विभाग, उर्जा मन्त्रालय | चिरख्वा खोला जलविद्युत आयोजना (४.७ मे.वा.) बाट विद्युत उत्पादनको लागि अनुमति | वि.सं.२०७३/११/११ देखि मिति २१०८/११/१० सम्म |
| उद्योग दर्ता | २०७१।११।०३ | उद्योग विभाग | जल विद्युत उत्पादन गर्ने | |
| कम्पनी दर्ता | २०७६।०३।२५ | कम्पनी रजिष्ट्रारको कार्यालय | कम्पनी संचालन गर्ने | |

४) संगठित संस्थाको चिरख्वा खोला जलविद्युत आयोजना (४.७ मे.वा.) बाट उत्पादन हुने विद्युत खरीद विक्रीको लागि नेपाल विद्युत प्राधिकरणसँग मिति २०७३/३/१२ मा सम्फौता भएको । उक्त सम्फौताको समयावधी व्यापारिक उत्पादन शुरु हुने मितिले ३५ वर्ष वा विद्युत उत्पादन अनुमतिपत्रको अवधि मध्ये जुन घटी छ सो समय सम्म कायम रहनेछ ।

५) यस कम्पनीको भोजपुर जिल्ला, षडानन्द नगरपालिका वडा नं. १ स्थित चिरख्वा खोला जलविद्युत आयोजना (४.७ मे.वा.) निर्माणको अन्तिम चरणमा रहेको छ । चिरख्वा खोला जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत खरीद विक्रीको लागि संगठित संस्था र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्फौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् ।

| सम्फौताको नाम | सम्फौता मिति | सम्फौता गर्ने संस्था | सम्फौताको संक्षिप्त विषयवस्तु | सम्फौता बहाल रहने अवधि |
|---|---|---|---|---|
| विद्युत खरिद बिक्री | २०७३।११।११ | नेपाल विद्युत प्राधिकरण | नेपाल विद्युत प्राधिकरणले चिरख्वा हाईड्रोपावर सँग विद्युत खरिद सम्बन्धी गरिएको सम्फौता | २१०८।११।१० |
| पहिलो संशोधन | २०७४।०७।१६ | नेपाल विद्युत प्राधिकरण | निर्माणधिन रन अफ रिभर टेक एण्ड पे प्रावधान हटाउने | लागु नहुने |
| दोश्रो संशोधन | २०७५।०३।२५ | नेपाल विद्युत प्राधिकरण | वित्तिय व्यवस्थापन समय सिमा संशोधन सम्बन्धमा | लागु नहुने |
| तेश्रो संशोधन | २०७८।०९।२५ | नेपाल विद्युत प्राधिकरण | RCOD मा संशोधन सम्बन्धमा | लागु नहुने |
| चौथो संशोधन | २०७८।०९।२५ | नेपाल विद्युत प्राधिकरण | व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति संशोधन सम्बन्धमा | लागु नहुने |
| पाँचौ संशोधन | २०७९।१२।०५ | नेपाल विद्युत प्राधिकरण | व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति संशोधन सम्बन्धमा | लागु नहुने |
| आईपिओका लागि शेयर प्रत्याभुतिकर्ता नियुक्ती सम्बन्धी सम्फौता | २०७९।०२।३२ | नगरिक लगानी कोष | शेयर प्रत्याभुति गर्ने | २०८०।०६।३० |
| शेयर निष्काशन तथा बिक्री प्रबन्ध गर्ने सम्फौता | २०७७।१२।०२ | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | शेयर निष्काशन तथा बिक्री प्रबन्ध गर्न | सम्फौता बमोजिमको कार्य नभए सम्म |
| आयोजना ऋण सम्फौता | २०७६।०९।२१ | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | आयोजना निर्माणको लागि पूँजी व्यवस्थापन | ऋण बाँकि रहे सम्म |

६) संगठित संस्थाको चिरख्वा खोला जलविद्युत आयोजना (४.७ मे.वा.) को संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

| **सि.नं.** | **विवरण** | **चिरख्वा खोला जलविद्युत आयोजना** |
|---|---|---|
| १ | आयोजना स्थल | भोजपुर जिल्ला षडानन्द नगरपालिकाको कार्यालयबाट ७ कि.मि. को दुरीमा अवस्थित छ । आयोजनाको संरचना भोजपुर जिल्ला साविक नेपालेडाँडा गा.वि.स कुदाककाउले, खार्तामछा गा.वि.स.को हाल परिवर्तित षडानन्द नगरपालिका वडा नं. १, २, ३ मा पर्दछन् । |
| २ | श्रोत नदी | चिरख्वा खोला |
| ३ | आयोजनाको किसिम | रन अफ रिभर |
| ४ | डिजाईन डिस्चार्ज | २.३५ घनमिटर |
| ५ | उत्पादन हुने इनर्जी | २७,९१६,१८८ युनिट प्रति बर्ष |
| ६ | आयोजनाको उत्पादन क्षमता | ४.७ मेगावाट |
| ७ | ग्रस हेड | २५६.३२ मिटर |
| ८ | डाईभर्सन बाँध | १५ मिटर लम्बाई, २.३२ मिटर उचाई |
| ९ | डिस्यान्डीङ्ग वेसिन | ३५ मी. लम्वाई, ४ मी. चौडाई र २.८ मी उचाई भएका २ वटा च्याम्वर |
| १० | पेन स्टक | १ मी. व्यास ५९४ मी. लम्वाई |
| ११ | पावर हाउस | १९ मी. लम्वाई, १०.८ मी. चौडाई |
| १२ | टर्वाईन | २,३५० कि.वा.का २ वटा युनिट |
| १३ | जेनेरेटर | २,७६५ के.भि.ए. का २ वटा युनिट |
| १४ | आयोजनाको हालको अनुमानित लागत | रु.९९८,०००,०००/- (IDC सहित) |

७) **आयोजनाको कुल लागत, प्रति मेगावाट लागत, लगानी फिर्ता हुने अवधि निम्न बमोजिम रहेको छ :**

क. आयोजनाको अनुमानित कुल लागत (IDC सहित) : रु. ९९८,०००,०००/- (मिति २०७७/०७८ सम्मको सम्पत्तिहरुको ह्रासकट्टी गरि सकेपछिको रकम लाई कूल लागतमा देखाईएको छ ।)

ख. आयोजनाको प्रति मेगावाट लागत (IDC सहित) : रु. २१२,३४०,४२६/-

ग. लगानी फिर्ता हुने अवधिः ७.३९ वर्ष

घ. डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Pay Back Period): १२.१४ वर्ष

ङ. "Financial Closure" वा विद्युत खरिद सम्फौता गर्दाको बखत अनुमान गरिएको आयोजनाको लागत र आयोजनाको संसोधित अनुमानित लागत लागत देहाय बमोजिम रहेको छ ।

| क्र.सं | विवरण | लागत रकम रु. | लागत फरक पर्नुको कारण |
|---|---|---|---|
| १. | विद्युत खरिद सम्फौता गर्दाको बखत अनुमान गरिएको आयोजनाको लागत | रु. ९१०,०००,१२०/- | आयोजनाको निर्माण समय बढेको ।<br>कोरोनाले २ वर्ष लगातार काम गर्न नपाएको ।<br>बर्षातको समयमा निर्माण सामाग्री आयोजना स्थलमा ढुवानी गर्न नसकिएको तथा बर्षातको समयमा काम नभएको ।<br>रसिया र युक्रेनको युद्धले निर्माण सामग्री तथा इन्धनको मुल्यवृद्धि भएको । |
| २. | आयोजनाको संसोधित अनुमानित लागत | रु. ९९८,०००,०००/- | |

**८. आयोजनाको विभिन्न कार्यहरुको प्रगति विवरण :**

आयोजनाको भौतिक प्रगतिको विवरण : मिति २०८० ज्येष्ठ ३२ गते सम्मको विवरण निम्न अनुसार रहेकोछ ।

| **विवरण** | **चिरख्वा खोला जलविद्युत आयोजना** | |
|---|---|---|
| | **कार्य प्रगति** | **प्रगति %** |
| १. जग्गा प्राप्ति | सम्पन्न | १०० |
| २. विस्तृत डिजाइन | सम्पन्न | १०० |
| ३. पूर्वाधार कार्य | सम्पन्न | १०० |
| ३.१ प्रवेश मार्ग | सम्पन्न | १०० |
| ३.२ निर्माण उर्जा | सम्पन्न | १०० |
| ३.३ अस्थायी शिविर र कार्यालय | | |
| ३.४ स्थायी शिविर | सम्पन्न | १०० |
| ४. सिभिल कार्यहरु | अन्तिम चरण | ९८ |
| ४.१ परिचालन | अन्तिम चरण | ९८ |
| ४.२ ठेकेदार शिविर | सम्पन्न | १०० |
| ४.३ हेड कार्य वेइर र अन्डरस्लुइस | सम्पन्न | १०० |
| ४.४ हेड कार्य इन्टेक ग्राभलट्र्याप र अप्रोच क्यानल | सम्पन्न | १०० |
| ४.५ सेटलिङ्ग वेसिन | सम्पन्न | १०० |
| ४.६ हेडरेस पाइप | सम्पन्न | १०० |
| ४.७ पेनस्टक पाइप | अन्तिम चरण | ९७ |
| ४.८ सर्ज पाइप | सम्पन्न | १०० |
| ४.९ उर्जागृह र टेलरेस | सम्पन्न | १०० |
| ४.१० स्विचयाड | अन्तिम चरण | ९६ |
| ५. इलेक्ट्रोमेकानिकल कार्य | अन्तिम चरण | ९८ |
| ६. हाईड्रोमेकानिकल कार्य | अन्तिम चरण | ९८ |
| ७. प्रशारण लाईन | अन्तिम चरण | ९६ |
| ८. सुरुङ्ग निर्माण कार्य | आवश्यक नभएको | |
| जम्मा भौतिक प्रगति | | ९८% |

समग्रमा आयोजनाको कार्य प्रगति ९८% सम्पन्न भइसकेको । चिरख्वा खोला जलविद्यतु आयोजनाको ९८% प्रतिशत कार्य सम्पन्न भई सकेको र हाल आयोजना निर्माणको अन्तिम चरणमा रहेकोछ ।

**नेट प्रिजेन्ट भ्यालु {Net Present Value (NPV)}, इन्टरनल रेट अफ रिर्टन {Internal Rate of Return (IRR)}, Pay Back Period, Discounted Pay Back Period गणना को संक्षिप्त विवरण :**

| वर्ष | आयोजनाको कुल लागत | कर पछिको खुद नाफा | ह्रासकट्टि र अमोटाईनेशन | वित्तिय खर्च | खुद नगद पैवाह | आयोजनाको नगद प्रवाह | PVF @ 11.15% | डिस्काउन्टेड नगद प्रवाह | डिस्काउन्टिङ्ग संचित नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. २०७९/८० | (९९८,000,000) | ८,२८१,५०४ | २,८५९,१२६ | - | (९८६,८५९,३७१) | (९८६,८५९,३७१) | १.00000 | (९८६,८५९,३७१) | (९८६,८५९,३७१) |
| आ.व. २०८०/८१ | | ४५,६९३,३९९ | ३४,२२१,२५६ | ६३,४००,८०४ | १४३,३१५,४५९ | (८४३,५४३,९१२) | ०.८९९६९ | १२८,९३८,७८४ | (८५७,९२०,५८६) |
| आ.व. २०८१/८२ | | ५२,४५५,५७० | ३४,२२१,२५६ | ६०,५५४,४४२ | १४७,२३१,२६८ | (६९६,३१२,६४४) | ०.८०९४३ | ११९,१७३,८९१ | (७३८,७४६,६९५) |
| आ.व. २०८२/८३ | | ५९,६३५,०४९ | ३४,२२१,२५६ | ५७,३७७,१९२ | १५१,२३३,४९७ | (५४५,०७९,१४७) | ०.७२८२४ | ११०,१३३,५३८ | (६२८,६१३,१५७) |
| आ.व. २०८३/८४ | | ६७,२७७,४७३ | ३४,२१३,२३३ | ५३,८३०,५८९ | १५५,३२१,२९५ | (३८९,७५७,८५२) | ०.६५५१८ | १०१,७६३,७५८ | (५२६,८४९,३९९) |
| आ.व. २०८३/८४ | | ७६,०५८,६१० | ३४,२१३,२३३ | ४९,८७१,६९६ | १६०,१४३,५३९ | (२२९,६१४,३१२) | ०.५८९४६ | ९४,३९७,८४७ | (४३२,४५१,५५२) |
| आ.व. २०८४/८५ | | ८५,२८२,०२८ | ३४,२१३,२३३ | ४५,४५२,५८४ | १६४,९४७,८४६ | (६४,६६६,४६७) | ०.५३०३३ | ८७,४७६,१८७ | (३४४,९७५,३६५) |
| आ.व. २०८५/८६ | | ९५,१६३,२९४ | ३४,२१३,२३३ | ४०,५१९,७५४ | १६९,८९६,२८१ | १०५,२२९,८१४ | ०.४७७१३ | ८१,०६२,०५४ | (२६३,९१३,३११) |
| आ.व. २०८६/८७ | | १०५,७६६,४५१ | ३४,२१३,२३३ | ३५,०१३,४८५ | १७४,९९३,१६९ | २८०,२२२,९८४ | ०.४२९२६ | ७५,११८,२३३ | (१८८,७९५,०७९) |
| आ.व. २०८७/८८ | | १११,९१२,८२० | ३४,२१३,२३३ | २८,८६७,११६ | १७४,९९३,१६९ | ४५५,२१६,१५३ | ०.३८६२० | ६७,५८२,७५५ | (१२१,२१२,३२४) |
| आ.व. २०८९/९० | | १०६,८९६,३३१ | ३४,२१३,२३३ | २२,००६,२३६ | १६३,११५,७९९ | ६१८,३३१,९५२ | ०.३४७४६ | ५६,६७६,२८३ | (६४,५३६,०४१) |
| आ.व. २०९०/९१ | | ११३,७८८,९३८ | ३४,२१३,२३३ | १४,३४७,७८३ | १६२,३४९,९५४ | ७८०,६८१,९०७ | ०.३१२६० | ५०,७५१,४०१ | (१३,७८४,६४०) |
| आ.व. २०९१/९२ | | १२१,४८२,८०७ | ३४,२१३,२३३ | ५,७९९,०४० | १६१,४९५,०८० | ९४२,१७६,९८६ | ०.२८१२५ | ४५,४१९,८४९ | ३१,६३५,२०९ |
| आ.व. २०९२/९३ | | १२६,७०१,९४३ | ३४,२१३,२३३ | - | १६०,९१५,१७६ | १,१०३,०९२,१६२ | ०.२५३०३ | ४०,७१६,८२८ | ७२,३५२,०३७ |
| आ.व. २०९३/९४ | | १२६,७०१,९४३ | ३४,२१३,२३३ | - | १६०,९१५,१७६ | १,२६४,००७,३३८ | ०.२२७६५ | ३६,६३२,३२३ | १०८,९८४,३६० |
| | | १,३०३,०९८,१६२ | ४८१,८६८,४५४ | ४७७,०४०,७२२ | १,२६४,००७,३३८ | | | १०८,९८४,३६० | |

| Discount Rate: ११.१५% | |
|---|---|
| नेट प्रिजेन्ट भ्यालु (Net Present Value) : रु. १०८,९८४,३६०/- | |
| आयोजनाको इन्टरनल रेट अफ रिर्टन (Project Internal Rate of Return) : १०.८५ % | |
| लगानी फिर्ता हुने अवधि | |
| सामान्य लगानी फिर्ता हुने अवधि | ७.३९ वर्ष |
| डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि | १२.१४ वर्ष |

९) प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८०/- (चार रुपैयाँ असी पैसा) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु ८.४०/- (आठ रुपैयाँ चालिस पैसा) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ। साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले पाँच पटक सम्म मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ।

| अवधि<br>व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानि अवधि गणना हुने गरि | सुख्खा याम (पौष देखि चैत्र सम्म)<br>(रु. प्रति युनिट) | वर्षायाम (वैशाख देखि मार्गसम्म)<br>(रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८.४० | ४.८० |
| १३ औ महिना देखि २४ औं महिना सम्म | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८.९० | ५.०९ |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९.१६ | ५.२३ |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९.४१ | ५.३८ |
| ६१ औं महिना देखि सम्झौता अवधि सम्म | ९.६६ | ५.५२ |

तर व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Opearation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरिद दर निम्नानुसार वार्षिक मूल्यबृद्धि दिई कायम गरिनेछ :

क. RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
ख. RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
ग. RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा २ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
घ. RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा १ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
ङ. RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा मूल्यबृद्धि दिईने छैन।

- कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरू तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका बीमाहरू गरेको छ।

**कम्पनीको प्रबन्धपत्रको दफा (४) को उपदफा (१) अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन :**

(क) जलसम्पदाको व्यापक खोजी गरी सम्भाव्य भएका विभिन्न स्थानमा साना, मझौला र ठूला जलविद्युत आयोजनाहरुको अनुसन्धान, सर्वेक्षण गर्ने गराउने।
(ख) नेपाल राज्यका विभिन्न भागमा रहेका नदी नाला, खोला, ताल जलाशयहरुबाट निजी क्षेत्रमा जलविद्युत आयोजनाहरु निर्माण गरी जलविद्युत उत्पादन गर्ने, प्रसारण गर्ने र उत्पादित विद्युत शक्तिको विक्री वितरण गर्ने गराउने ।
(ग) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक सौय, वायु, वायोग्यास, तेल तथा बनस्पती तेल र तापीय आदि श्रोतबाट पनि निजी क्षेत्रमा बैकल्पिक उर्जा उत्पादन गरी प्रसारण तथा विक्री वितरण गर्ने।
(घ) जलविद्युत वातावरणको क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने, नयाँ नयाँ जलविद्युत आयोजनाहरुको सर्वेक्षण, अध्ययन अनुसन्धान अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन तयार गर्ने, जलविद्युत क्षेत्रको विकास गर्ने गराउने।
(ङ) स्वीकृती लिनुपर्नेमा सम्बन्धित निकायको स्वीकृत लिई नेपाल विद्युत प्राधिकरण बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र एवम् अन्य विदेशी निकाय, संस्था फर्म, कम्पनी व्यक्ति वा समूहसँग मिलेर विद्युत आयोजनाहरुको अध्ययन, अनुसन्धान गर्ने, विकास तथा निर्माण गर्ने, खरिद विक्री वितरण तथा प्रसारण गर्ने।
(च) स्वीकृति लिनुपर्नेमा सम्बन्धित निकायको स्वीकृति लिई नेपाल विद्युत प्राधिकरण एवम् अन्य स्वदेशी तथा विदेशी निकाय, संस्था, फर्म कम्पनी, व्यक्ति वा समूहद्वारा उत्पादित विद्युत खरिद गरी वा हायर पर्चेजमा लिई वा करारमा लिई उपभोक्ताहरुलाई विद्युत सप्लाई गर्ने तथा निर्यात गर्ने गराउने।
(छ) साना, मझौला तथा ठूला जलविद्युत आयोजनासँग समन्वय गरी विद्युत आपूर्ति वा वितरण गर्ने गराउने।
(ज) विद्युत शक्तिको खरिद विक्री गर्ने।
(झ) जलविद्युत तथा बैकल्पिक उर्जाको विकासका लागि सभा, सम्मेलन, सेमिनार कार्याशाला गोष्ठी आदिको आयोजना गर्ने गराउने।
(ञ) जलविद्युत तथा वैकल्पिक उर्जाका लागि आवश्यक पर्ने उपकरणहरुको आयात गर्ने गराउने तथा कम्पनीको आवश्यकता अनुसार लिजमा लिई उपभोग गर्ने गराउने।
(ट) सम्बन्धित निकायबाट स्वीकृति लिई जलविद्युत तथा उर्जा एवम् पूर्वाधारसम्बन्धी आवश्यक व्यवसायमूलक तालिम एवम् परामर्श दिने।
(ठ) समान उद्देश्य भएका कम्पनीहरुको व्यवस्थापन तथा संचालनको जिम्मा लिई व्यवस्थापन तथा संचालन गर्ने।

**च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : नभएको।

**छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागू हुने हदसम्म)** :

१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु** : जलविद्युत आयोजनाको निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने।
२) **प्रयोग भएको वा गरिने प्रविधि** : भोजपुर जिल्लाको चिरख्वा खोलाको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्न डाइभसर्न बाँध, डिस्यान्डिङ बेसिन, हेडरेस, पेनस्टक, विद्युत गृह, टर्वाइन, जनेरेटेर जस्ता प्रविधिहरुको प्रयोग गरिएको छ।
३) **कुनै ब्रान्ड नेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** : सो नभएको।
४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र** : कम्पनीले नेपालको कोशी प्रदेशको भोजपुर जिल्लामा बहने चिरख्वा खोलाको पानी उपयोग गरी उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता भए अनुसार बिक्री गरि नेपाल भर विक्री वितरण गर्न सक्नेछ। तसर्थ कम्पनीको प्रमुख बजार नेपाल भर रहेको छ।

५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना** : कम्पनीले एकल रुपमा तथा आफ्नो कार्यक्षेत्र सुहाउँदो देश भित्र तथा बाहिरका विभिन्न कम्पनीहरूसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुमा लगानी गरी नेपालको जलविद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रुपमा विकास गर्ने रहेको छ । कम्पनीले चिरख्वा खोलाको पानी उपयोग गरी जलविद्युत आयोजनाको निर्माण पश्चात् थप आयोजनाहरुको पहिचान तथा निर्माणका लागि अध्ययन गर्नेछ । कम्पनीले विद्युत व्यापारका निमित्त आवश्यक नीति तर्जुमा गर्न सरकार समक्ष निवेदन गर्ने नयाँ कम्पनी स्थापना गरि विद्युत व्यापारमा जोड दिने लक्ष्य राखेको छ । नेपाल सरकारले निर्माण गरेका सिंचाई नहरहरुमा जलविद्युत आयोजना निर्माण गर्न सकिने हुँदा सो क्षेत्रमा अध्ययन गरी विद्युत उत्पादनका लागि आवश्यक कार्यहरु गर्नेछ । साथै कम्पनीले जलविद्युत उर्जा बाहेक बैकल्पीक उर्जा उत्पादनको सम्भाव्यता अध्ययन गरि विद्युत उत्पादन गर्ने लक्ष्य राखेको छ ।

६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका** : कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्रधिकरणसँग विद्युत खरीद बिक्री सम्झौता भए अनुसार राष्ट्रिय प्रसारण लाइन मार्फत वितरण गरिनेछ ।

७) **उत्पादन/सञ्चालन क्षमता र सो को उपभोग स्थिति** : चिरख्वा खोला जलविद्युत अयोजनाको जम्मा उत्पादन क्षमता ४.७ मेगावाट रहेको र सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई ग्रीड मार्फत आपूर्ति गरिनेछ । उत्पादित विद्युतलाई संखुवासभा जिल्ला, खाँदवारी नगरपालिका वडा नं. ९ तुम्लिङटार सब-स्टेशन मार्फत प्रसारण गरिने छ ।

८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता** : कोशी प्रदेश भोजपुर जिल्लाको षडानन्द नगरपालिका भएर बहने चिरख्वा खोलाको पानी ।

९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था** : जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न जेनेरेटर, टर्वाइन, विद्युत गृह, डाइभर्सन बाँध, डिस्यान्डिङ बेसिन जस्ता उपयुक्त प्रविधिहरुको प्रयोग गरिएको छ ।

१०) **अनुसन्धान तथा विकास** : कम्पनीले आयोजनाको प्रभावकारीता अभिवृद्धिका निमित्त आवश्यक अनुसन्धान तथा विकास सम्वन्धी कार्यहरु गरिरहेको छ ।

११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान** : सो नभएको ।

१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण**: सो नभएको ।

१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति** : करिब ८४,००० मेगाबाट विद्युत उत्पादन गर्ने क्षमता रहेको नेपालमा हाल सम्म करिब १३६ बटा परियोजना मार्फत २,०८८.४९५ मेगावाट उत्पादन भैसकेको छ । नेपालमा जलविद्युत उत्पादनको र विकासको सम्भावना उच्च रहेको भएतापनि कुल राष्ट्रिय उर्जा खपतको केही अंश मात्र विद्युतबाट आपुर्ति भएको अवस्था देखिन्छ ।

देशमा माग बमोजिम विद्युत आपूर्तिको कमि रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु अगावै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योग सँग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ । नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युतको माग र आपूर्ति बीच ठुलो अन्तर रहेकोछ । जसले गर्दा नेपाली जनताहरुले चर्को लोडसेडिङ्को मार खेप्नु परिरहेको थियो । जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिन्छ । त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेकोछ । यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताका लागि अगाडी बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजना हरुको पहिचान तथा विकास गर्दा अन्य बस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

कम्पनीको कुल विद्युत उत्पादन क्षमता ४.७ मेगावाट रहेको छ । उक्त उत्पादित सम्पूर्ण विद्युत शक्तिका लागि नेपाल विद्युत प्राधिकरणसँग खरिद बिक्री सम्बन्धी सम्झौता भएको हुँदा माग पनि उत्तिकै बढेको अवस्थामा प्रतिस्पर्धा हुने स्थिति नरहेको ।

१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण)** : कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण)** : सिभिल संरचना सम्बन्धी कार्य पी.एस. कन्स्ट्रक्सनले निर्माण गर्दै गरेको तथा प्रेसाइज हाईड्रो इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि ले परियोजनाको हाइड्रो मेकानिकल सम्बन्धी कार्य अन्तिम चरणमा गर्दै गरेको अवस्था छ । इलेक्ट्रो मेकानिकल सम्वन्धी कार्य सम्पन्न गर्नको लागि Mecamidi HPP India Pvt. Ltd,भारतसँग ने.रु. ११,९४,००,०००।- (कर बाहेक) मा सम्पन्न गर्ने गरि सम्झौता गरी कार्य अन्तिम चरणमा रहेको छ ।

(ख) **सम्पत्तिको विवरण**:

**क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था** :

चिरख्वा हाइड्रोपावर लिमिटेड अन्तरगत चिरख्वा खोला जलविद्युत आयोजना निर्माणको अन्तिम चरणमा रहेको छ । उक्त आयोजनाको संरचनाहरु कोशी प्रदेशको भोजपुर जिल्ला षडानन्द नगरपालिकामा रहेको छ । हालसम्म कम्पनीको नाममा सृजना भै सकेको चल अचल सम्पत्तिको विवरण निम्नानुसार उल्लेख गरिएको छ :

**सम्पत्ती, उपकरण तथा मेशीनरी विवरण (Fixed Assets Registrar)**

| कुल मूल्य | जमीन | हाइड्रो पावर प्रोजेक्ट सम्पत्ती | फर्निचर तथा अन्य | अफिस सामाग्री तथा कम्प्यूटर | सवारी साधन | उपकरण र मेशीनरी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **असार ३१, २०७७ सम्मको मौज्दात** | ४७,२९,३१०९ | | | **१७३,४०३** | २,१९८,६३२ | **१८,२१०१** | ४९,८४७,२४६ |
| यस वर्षको ह्रासकट्टी | | | | ४३,३५० | ४३९,७२६ | २७,३१५ | ५१०,३९२ |
| नोक्सान घाटा | | | | | | | |
| निसर्ग | | | | | | | |
| **असार ३१, २०७८** | ४७,२९३,१०९ | | | **१३०,०५३** | **१,७५८,९०६** | **१५४,७८६** | ४९,३३६,८५४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **सम्मको मौज्दात** | | | | | | | |
| यस वर्षको ह्रासकट्टी | | ६,९९० | | | ३५१,७८१ | २६,२३४ | ४२७,५१८ |
| नोक्सान घाटा | | | | | | | |
| निसर्ग | १४२५२००० | | | | | | |
| खरिद गरिएको | १,६३०,००० | ४०,११५ | | | | | |
| **असार ३२, २०७९ सम्मको मौज्दात** | **३४,६७१,१०९** | **३३,१२५** | | **१२७,५४०** | **१,४०७,१२५** | **१२८,५५२** | **३६,३६७,४५०** |

ख) **बुँदा क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नु पर्ने :**
आयोजनाको भौतिक संरचनाहरु निर्माण प्रयोजनका लागि कम्पनीले परियोजना स्थल भोजपुर जिल्ला साविक नेपालेडाँडा, कुदाकाउले, खार्तम्छा गा.वि.स.का हाल परिवर्तित षडानन्द नगरपालिका वडा नं. १, २, ३, ४, ५ र ६ मा कम्पनीका नाममा जग्गाहरु रहेका छन् ।

ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरणः**
राष्ट्रिय वाणिज्य बैंक लि.सँग भएको वित्तिय व्यवस्थापन सम्बन्धी सम्झौता अनुसार कम्पनीले जग्गाहरु रोक्का गरेको छ ।

घ) **आर्थिक वर्ष समाप्त भए पश्चात् विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक समायोजन व मूल्यांकन गरिएको भए सो को विवरणः** परलमोलमा नियमानुसार गनुपर्ने ह्रासकट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ ।

ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरणः** कम्पनीको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसाबमा कायम गरिएको छ र सो को पुनर्मूल्यांकन गरिएको छैन ।

(ग) **भावी योजना तथा रणनीति :**

क) **व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः**
व्यवसाय /सेवाको बृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयबद्ध रणनीति निम्नानुसार छन् ।

- कम्पनीको मूख्य भावी योजना अर्न्तगत हिउँदमा कम पानीको बहाववाट उत्पादन क्षमतामा हुन सक्ने कमिलाई ध्यानमा राखी चिरख्वा खोलाको पानी आयोजनाको हेडवर्कमा खसाली उत्पादन क्षमतालाई शत् प्रतिशत सम्म जलविद्युत आयोजनाको उत्पादन वृद्धि गर्ने रहेको छ । सो कार्यका लागि सर्वसाधारणका लागि शेयर बाँडफाँड भएको मितिले १ आर्थिक वर्ष भित्र सम्पन्न हुने कार्य योजना रहेको छ ।
- कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक सफल कम्पनीका रूपमा स्थापित हुने ।
- नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण गर्ने ।
- कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेका जलस्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र उत्पादित विद्युतलाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने ।
- कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने ।

ख) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**
देशमा माग बमोजिम विद्युत आपूर्तिको कमि रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सद्बानिय काम भएको र विद्युत उत्पादन हुनु अगावै विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा नरहेको ।
नेपाल विद्युत प्राधिकरणको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन बमोजिम नेपालमा आ.व. २०७७/०७८ मा विद्युतको माग ८,९६०.३१ गिगावाट प्रति घण्टा रहेकोमा नेपाल विद्युत प्राधिकरण अन्तर्गत स्थापना भएका तथा अन्य निजी क्षेत्रका आयोजनाहरुले जम्मा ६,१५४.५२ गिगावाट प्रति घण्टा उत्पादन गरिरहेको र २,८०५.७९ गिगावाट प्रति घण्टा आयात गरिरहेको छ । सोही सन्दर्भमा यस कम्पनीले उत्पादन गरेको जलविद्युतले केहि मात्रामा सो कमीलाई पूर्ति गर्नेछ । साथै, राष्ट्रिय ग्रिड लाईनमा समेत जोडिने भएको हुनाले दिर्घकालसम्म यस कम्पनीले उत्पादन गरेको जलविद्युत पूर्ण रुपमा खपत हुने अवस्था रहेको छ । नेपालमा पनि विद्युतीय सामग्रीहरुको उपभोग गर्ने क्रम बढ्दै गईरहेकोले भविष्यमा विद्युतको माग बढ्ने सम्भावना रहेको हुनाले यस्ता आयोजनाहरुको भविष्य सुनिश्चित देखिन्छ । हालको अवस्थामा जलविद्युत आयोजनाहरुले उत्पादन गरेको विद्युत हिउँद महिनामा मागभन्दा कम रहेको छ भने वर्षा याममा उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरण मार्फत बिक्री गरिने छ ।

(घ) **संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**
कम्पनीको नियमावलीको नियम (२७) मा भएको व्यवस्था अनुसार कम्पनीमा १ जना महिला सहित देहाय बमोजिम ११ (एघार) जना संचालक रहेको संचालक समिति हुने व्यवस्था रहेको छ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरू मध्ये “क” समुहबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित संचालकहरू | ७ जना |
| सर्वसाधारण मध्ये “ख” समुहबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित निर्वाचित | २ जना |
| संचालक समितिको सिफारिशमा साधारण सभाबाट मनोनित स्वतन्त्र संचालक | २ जना |
| जम्मा | ११ जना |

नोटः हाल सर्वसाधारणका लागि शेयर निष्काशन नभएसम्म संस्थापकहरुबाट नै संचालक समितिमा प्रतिनिधित्व गरिएको र सर्वसाधारणमा शेयर निष्काशन पछिको साधारण सभाबाट २ जना संचालकहरु सर्वसाधारणको तर्फबाट निर्वाचित गरिने छ ।
कम्पनीको नियमावली नियम (२८) मा भएको व्यवस्था अनुसार संचालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुँदैन । तर संगठित संस्था र व्यावसायिक विशेषज्ञको प्रतिनिधित्व गर्ने स्वतन्त्र संचालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

(ग) ४. **पूँजी संरचना सम्बन्धी जानकारी :**

(क) **अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

१) **अधिकृत पूँजी :** कम्पनीको अधिकृत पूँजी रु.४००,०००,०००/- (अक्षरेपी चालिस करोड रुपैया) रहेकोछ । उक्त पूँजीलाई रु. १००/- का दरले ४,०००,००० (चालिस लाख) कित्ता शेयरमा बिभाजन गरिएको छ ।

२) **जारी पूँजी :** कम्पनीको जारी पूँजी रु. ४००,०००,०००/- (अक्षरेपी चालिस करोड रुपैया) रहेकोछ । उक्त पूँजीलाई रु. १००/- का दरले ४,०००,००० (चालिस लाख) कित्ता शेयरमा बिभाजन गरिएको छ ।

३) **चुक्ता पूँजी :** कम्पनीको चुक्ता पूँजी रु. ४००,०००,०००/- (अक्षरेपी चालिस करोड रुपैया) रहेकोछ । उक्त पूँजीलाई रु. १००/- का दरले ४,०००,००० (चालिस लाख) कित्ता शेयरमा बिभाजन गरिएको छ । सो मध्ये २८०,०००,०००/- (अठ्ठाइस करोड) रकम बराबरको रु.१००/- अंकित दरको २,८००,००० (अठ्ठाइस लाख) कित्ता संस्थापक र स्थानीय बासिन्दा, बैदेशिक रोजगारीमा रहेका नेपाली, कर्मचारी तथा सर्वसाधारणका निमित्त छुट्टाइएको रु. १२०,०००,०००/- (अक्षरेपी बाह्र करोड रुपैयाँ) रकम बराबर रु.१००/- अंकित दरको १,२००,००० (बाह्र लाख) कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ४००,०००,०००/- (अक्षरेपी चालिस करोड रुपैयाँ) हुनेछ ।

कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पूँजीमा निम्न बमोजिम परिवर्तन भएको छ :

| सि. नं. | विवरण | आ.व. २०६५/०६६ | आ.व. २०७०/०७१ | आ.व. २०७१/०७२ | आ.व. २०७१/०७२ | आ.व. २०७६/०७७ | आ.व. २०७८/०७९ |
|---|---|---|---|---|---|---|---|
| १ | अधिकृत पूँजी | ३,०००,०००/- | १०,०००,०००/- | १०,०००,०००/- | ४००,०००,०००/- | ४००,०००,०००/- | ४००,०००,०००/- |
| २ | जारी पूँजी | ३,०००,०००/- | १०,०००,०००/- | १०,०००,०००/- | ४००,०००,०००/- | ४००,०००,०००/- | ४००,०००,०००/- |
| ३ | चुक्ता पूँजी | १,५००,०००/- | १,५००,०००/- | २,३७७४,३००/- | २,५८७४,३००/- | १९०,०२८,४००/- | २८०,०००,०००/- |

(ख) **निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

कम्पनीको प्रबन्धपत्रको दफा (६) मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| क्र.सं | शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनी | २८००००० | २८०,०००,०००/- | ७० प्रतिशत | शत प्रतिशत |
| २ | आयोजना प्रभावित षडानन्द नगरपालिकाका १ देखि ६ नं. वडाका स्थानिय बासिन्दा | ४००००० | ४०,०००,०००/- | १० प्रतिशत | हाल निष्काशन प्रक्रियामा रहेको |
| ३ | सर्वसाधारण (बैदेशिक रोजगारीमा रहेका नेपाली, कर्मचारी तथा सामूहिक लगानी कोष सहित) | ८००००० | ८०,०००,०००/- | २० प्रतिशत | हाल निष्काशन प्रक्रियामा रहेको |
| | जम्मा | ४०००००० | **४००,०००,०००/-** | **१०० प्रतिशत** | |

नोट : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिएको धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा बिक्री नभई बाँकी रहेको धितोपत्र सर्वसाधारणमा निष्काशित गरिने धितोपत्रमा थप गरी बिक्री गरिनेछ । यसरी थप गर्दा कर्मचारी तथा सामूहिक लगानी कोष योजनालाई निष्काशन गरिने धितोपत्र तथा सर्वसाधारणलाई निष्काशन गरिने धितोपत्रको संख्यामा समेत सोही बमोजिम हेरफेर हुनेछ र नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई आव्हानपत्र प्रकाशित गरिनेछ ।

(ग) **शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात् :**

निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको ।

(ग) ५. **संस्थापक/संचालक सम्बन्धी जानकारी :**

(क) **संस्थापक/संचालकको पृष्ठभूमी :**

(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

आधारभूत शेयरधनीको विवरण

| **क्र.सं.** | **नाम, ठेगाना** | **पद** | **उमेर (वर्ष)** | **राष्ट्रियता** | **शेयर स्वामित्व (कित्ता)** | **शैक्षिक योग्यता** | **अनुभव (पूर्व र हाल कार्यरत)** | **प्रस्तावित व्यापार/व्यवसायमा अनुभव** |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री गेल्जे लामा (३२७) | अध्यक्ष | ६७ | नेपाली | ३३८४८९ | प्रमाणपत्र तह | प्रबन्ध संचालक रामेछाप शेर्पा कन्स्ट्रक्सन प्रा.लि<br>**काम गरेका आयोजना**<br>संयुक्त राष्ट्र संघले प्रर्बद्धन गरेको गिंगर वासिङ्ग र प्रोसेसिङ्ग फयासिलिटीज<br>वागमती सिचाई आयोजना, सर्लाही: CAD/WP-41<br>सुदामा सिचाई आयोजना, सिचाइ विभाग, सर्लाही<br>सडक मर्मत तथा पुर्नस्थापना आयोजना, सर्लाही: CAD/WP-17 | • सिंगटी खोला हाइड्रोपावर आयोजनाको सिभिल कन्स्ट्राक्टर<br>• सभा खोला सानो जलविद्युत आयोजना (४ मे.वा)को सिभिल कन्स्ट्राक्टर<br>• आँखु खोला प्रथम जलविद्युत आयोजना ( ८.४ मे.वा)को सिभिल कन्स्ट्राक्टर<br>• जिरी खोला जलविद्युत आयोजना (२.४ मे.वा)को सिभिल कन्स्ट्राक्टर<br>• फेमे खोला सानो जलविद्युत आयोजना (१ मे.वा)को सिभिल कन्स्ट्राक्टर |
| २ | श्री दीपक राई | प्रबन्ध संचालक | ४९ | नेपाली | ७८९०१ | प्रमाणपत्र तह | उद्योगी | विभिन्न जलविद्युत आयोजनामा लगानी गरेको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | श्री केदार कार्की | संचालक | ५७ | नेपाली | ८८७९२ | वी एल | अध्यक्षः काठमाडौं बार एसोसियन<br>सदस्य : नेपाल बार एसोसियसन<br>**कानुनी सल्लाहकार**<br>• काठमाडौं महानगरपालिका<br>• नेपाल आयल निगम<br>• नेस्नल मेडिकल कलेज | विभिन्न जलविद्युत आयोजनामा लगानी गरेको<br>हाइड्रो लिगल एडभाइजर |
| ४ | श्री डम्बर बहादुर कार्की | संचालक | ५८ | नेपाली | १०६३१० | स्नातक | उद्योग व्यवसाय | विभिन्न जलविद्युत आयोजनामा लगानी गरेको |
| ५ | श्री आङ दोर्जी लामा | संचालक | ५५ | नेपाली | १८८४७० | स्नातकोत्तर | **कार्यकारी निर्देशक** : पी.एस. कन्स्ट्रक्सन प्रा.लि.<br>**बरिष्ठ उपाध्यक्ष**<br>नेपाल निर्माण व्यवसायी महासंघ<br>**आजिवन सदस्यः**<br>नेपाल इन्जिनियरिङ्ग एसोसिएसन | |
| ६ | श्री गणेशमान सिंह कार्की | संचालक | ६६ | नेपाली | १३३३१६ | स्नातक | • प्रमुख कार्यकारी निर्देशक : किस्ट मेडिकल कलेज<br>• संचालकः नोवेल मेडिकल कलेज विराटनगर<br>• संचालक श्री गणेश गार्मेटस् एण्ड कोल्थिङ्ग, विराटनगर | चिरख्खा हाइड्रोपावर लि. का प्रबन्ध संचालक भई कार्य गरेको |
| ७ | श्री दावा जाङ्मू श्रेष्ठ लामा | संचालक | ५० | नेपाली | ८०८८४ | स्नातकोत्तर | हाइड्रोपावर इन्जिनियर<br>विभिन्न हाइड्रोपावर कम्पनीका डिटेल डिजाइनर | हाइड्रोपावर इन्जिनियर |
| ८ | श्री गणेश बुढाथोकी | संस्थापक | ५३ | नेपाली | ६६६४७ | प्रमाणपत्र तह | साल्पासिलिछो गा.पा. वडा नं. १ को वडा अध्यक्ष | विभिन्न जलविद्युत आयोजनामा लगानी गरेको |
| ९ | श्री दिनेश थापा | संस्थापक | ७८ | नेपाली | ६९८२६ | प्रमाणपत्र तह | व्यवसायी | विभिन्न जलविद्युत आयोजनामा लगानी गरेको |
| १० | श्री शर्मिला बस्नेत | संस्थापक | ५० | नेपाली | ४०६२७ | स्नातक | व्यवसायी | विभिन्न जलविद्युत आयोजनामा लगानी गरेको |
| ११ | श्री प्रल्हाद कार्की | संस्थापक | ५४ | नेपाली | ३८९१७ | पी.एच. डी | अध्यापन | जलविद्युत आयोजनामा लगानी |
| १२ | श्री जगदीशलाल बैद्य | संस्थापक | ७७ | नेपाली | ४११५१ | एम.डी. | चिकित्सक | जलविद्युत आयोजनामा लगानी |
| १३ | श्री नीरा श्रेष्ठ बैद्य | संस्थापक | ५९ | नेपाली | ८८३०८ | स्नातकोत्तर | प्राध्यापन | जलविद्युत आयोजनामा लगानी गरेको |
| १४ | श्री गेल्जे लामा (२०२२) | संस्थापक | ५७ | नेपाली | २४८०५६ | स्नातक | प्रबन्ध संचालक<br>गोल्डेन गुड शेर्पा कन्स्ट्रक्सन प्रा.लि. | विभिन्न जलविद्युत आयोजनामा लगानी तथा निर्माणमा सहभागी |
| १५ | श्री आङ माया लामा | संस्थापक | ५२ | नेपाली | २२००१६ | स्नातक | एन.आर.एन | विभिन्न जलविद्युत आयोजनामा लगानी गरेको |
| १६ | श्री विनय श्रेष्ठ | संस्थापक | ४७ | नेपाली | ५६५१६ | स्नातकोत्तर | एन.आर.एन | विभिन्न जलविद्युत आयोजनामा लगानी गरेको |
| १७ | श्री विजय श्रेष्ठ | संस्थापक | ४९ | नेपाली | ५६३४९ | स्नातकोत्तर | एन.आर.एन | विभिन्न जलविद्युत आयोजनामा लगानी गरेको |
| १८ | श्री गोरखा हाइड्रो एण्ड इन्जिनियरिङ प्रा.लि. | संस्थापक | | नेपाली | ५९००९ | | राष्ट्रिय अन्तराष्ट्रिय आयोजनाको डिजाइन तथा सुपरीवेक्षण | विभिन्न जलविद्युत आयोजनाको डिजाइन तथा सुपरीवेक्षण |
| १९ | श्री आङ कुङ्गा लामा | संस्थापक | ३६ | नेपाली | १९३०६९ | स्नात कोत्तर | प्रशासनिक कार्य | विभिन्न जलविद्युत आयोजनामा लगानी गरेको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २० | श्री आङ टेण्डी लामा | संस्थापक | ५७ | नेपाली | ५०९१६ | ओभर सियर | विभिन्न कम्पनीमा ओभरसियरको कार्य गर्ने | हाइड्रोपावर ओभयर सियर इन्जिनियर<br>विभिन्न जलविद्युत आयोजनामा लगानी गरेको |
| २१ | श्री प्रचण्डकुमार मल्ल | शेयरधनी सदस्य | ५३ | नेपाली | ४२९४१ | एरोन टिकल इन्जिनियर | एरोनटिकल इन्जिनियरिङ | एरोनटिकल इन्जिनियरिङ<br>विभिन्न जलविद्युत आयोजनामा लगानी गरेको |
| २२ | राजेश्वर श्रेष्ठ | शेयरधनी सदस्य | ४८ | नेपाली | ३८५२६ | एरोनटिकल इन्जिनियर | एरोनटिकल इन्जिनियरिङ | एरोनटिकल इन्जिनियरिङ<br>विभिन्न जलविद्युत आयोजनामा लगानी गरेको |
| २३ | विष्णुप्रसाद अधिकारी | शेयरधनी सदस्य | ५४ | नेपाली | २८००० | स्नातकोत्तर | • कार्यक्रम निर्देशक, द एसिया फाउण्डेसन<br>• सुसासन सल्लाहकार डिएफआइडी<br>• सुसान कार्यक्रम विशेषज्ञ, युएसएआइडी<br>• उपप्राध्यापक, त्रि.वि. | विभिन्न जलविद्युत आयोजनामा लगानी गरेको |

संचालकको विवरण

| क्र.सं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) | प्रस्तावित व्यापार/व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|
(ऊ) अन्य : सि आस्बा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरु यस निष्काशनका लागि संकलन केन्द्रको रुपमा रहनेछन् । सि आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई कुनै शुल्क कमिशन भुक्तान गर्नु नपर्ने र निजहरुले नेपाल धितोपत्र बोर्डले तोके बमोजिमको शुल्क निष्काशन तथा बिक्रि प्रबन्धकलाई भुक्तान गर्नेछन् ।

(ग) **सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण** : सार्वजनिक निष्काशनबाट प्राप्त रकम मध्ये रु. सात करोड बिस लाख आयोजना निर्माण गर्दा कायम दायित्व बापत राष्ट्रिय वाणिज्य बैंकलाई भुक्तानी गर्ने ।

(घ) **प्रिमियममा धितोपत्र जारी गर्ने भएमा** : प्रिमियम शेयर जारी गर्ने नभएको ।

(ङ) **धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण** :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया** : यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर भोजपुर जिल्लाको आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्काशन गरिएको छ । शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र न्यून माग भएको अवस्थामा सर्वसाधारणमा शेयर निष्काशन हुँदा बाँकी भएको शेयर थप गरी सर्वसाधारणमा शेयर निष्काशन गरिनेछ । शेयर बाँडफाँड सम्बन्धी सम्पूर्ण प्रक्रिया धितोपत्र सम्बन्धी प्रचलित कानूनको आधारमा गरिनेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था** : शेयर विक्री बन्द भएको मितिले तोकिएको समयभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँड पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर** : धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको विक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ट्रेजरी बीलको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी** : निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र शेयर प्रमाणपत्र वितरण गरिनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण** : सो नभएको ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** : धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था बमोजिम, स्थानीय बासिन्दालाई साधारण शेयरको निष्काशन गरी बाँडफाँड गरे पश्चात् सर्व साधारणको लागि साधारण शेयर निष्काशन गरी बाँडफाँड गरीनेछ । यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका वासिन्दा तथा सर्वसाधारणलाई निष्काशन गरीने धितोपत्र एकै पटक नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

(च) **प्रत्याभूति सम्बन्धी विवरण** :

(क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम** : नामः नागरीक लगानी कोष
ठेगानाः नयाँ बानेश्वर, काठमाण्डौ
संख्याः १२,००,००० कित्ता
रकमः रु.१२,००,००,०००/- उक्त प्रत्याभुति सेवा प्रदान गरे वापत नागरिक लगानी कोषलाई दिईने रकम रु. ४,००,०००/- रहेको छ ।

(ख) **धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु** :

क) यस कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको रु.१००/- अंकित दरका १२,००,००० कित्ता शेयरको जम्मा मुल्य रु.१२,००,००,०००/- को प्रत्याभुत गर्न मञ्जुर गर्दछ । जसमा आयाजेना प्रभावित क्षेत्रका लागि छुट्याइएको ४,००,००० कित्ता शेयर मध्ये आवेदन कम हुन गई बाँकी रहेमा सो समेत संलग्न गरि प्रत्याभूतिकर्ताले माथि उल्लेखित चिरख्वा प्रत्याभुति सेवा प्रदान गर्न मञ्जुर गर्दछ ।

ख) कम्पनीले प्रत्याभुती सेवा प्राप्त गरे बापत प्रत्याभूतिकर्तालाई हाल एकमुष्ट रु.४,००,०००/- (अक्षरेपी चार लाख रुपैंया) प्रचलित कर सहित भुक्तान गर्नुपर्नेछ । जसमा प्रचलित कानून बमोजिम नेपाल धितोपत्र बोर्डलाई दिनुपर्ने कमिशन शुल्क समेत संलग्न हुनेछ ।

ग) यदि सर्वसाधारणबाट निष्काशित सम्पूर्ण शेयरको लागि आवेदन प्राप्त नभएमा कम्पनीले माग गरेको वखत प्रत्याभूतिकर्ताले प्रत्याभुत गरेको शेयर बापतको रकम भुक्तान गर्नेछ । साथै कम्पनीले शेयर बापतको रकम प्राप्त गरे पश्चात् उक्त शेयरको स्वामित्व यथाशिघ्र प्रत्याभूतिकर्तालाई हस्तान्तरण गर्नेछ ।

घ) सर्वसाधारणमा शेयर विक्रि गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतीकर्ताको दायित्व स्वतः पूरा हुनेछ ।

ङ) यस सम्झौतापत्रको सम्झौता बमोजिम मिति २०८०/०६/३० गते सम्म सम्झौता लागु हुनेछ ।

(छ) **आवेदन दिँदा ध्यान दिनु पर्ने कुराहरुः**

(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण : यस विवरणपत्र अनुसार निष्कासन गरिएका शेयरको बाँडफाँडमा परेका शेयरधनीको

अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ ।

(ख) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

(१) यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय घट्टेकुलो, काठमाण्डौ वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक आरवििव मर्चेन्ट बैकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

(२) यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु. १००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरु मार्फत दरखास्त दिनु पर्नेछ ।

(३) यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १,००,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

(१) धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २२. को उपदफा (१) बमोजिम आयोजना प्रभावित, कर्मचारी वा संस्थापकको रुपमा वा अन्य कुनै प्रकारबाट प्रारम्भिक सार्वजनिक निष्काशन गर्नु पुर्व सङ्गठित संस्थाको शेयर प्राप्त गरेको शेयरधनी तथा संस्थापक शेयरधनीका एकाघरको सदस्यले यस निष्काशनमा आवेदन दिन पाइने छैन ।

(२) सर्वसाधारण लगानीकर्ताहरुको हकमा सि-आस्वा (C-ASBA) प्रणाली मार्फत मात्र आवेदन दिन सकिने व्यवस्था भएको हुंदा आफ्नो खाता रहेको बैंक तथा वित्तिय संस्था मार्फत वा हाल सिडिएससी (CDSC) ले प्रयोगमा ल्याएको मेरो शेयर (MERO SHARE) मार्फत शेयर खरिदका लागि आवेदन गर्न सकिनेछ ।

**(३) आयोजना प्रभावित क्षेत्र भोजपुर जिल्ला, षडानन्द नगरपालिका १ देखि ६ नं. वडाका स्थायी बसोवास गर्ने स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्:**

क) आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

ख) १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गनु पर्नेछ । स्थानीयको बारेमा कुनै विवाद आएमा सम्बन्धित नगरपालिका/गाउँपालिकाका वडा कार्यालयले सिफारिस गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ ।

ग) १६ वर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदन साथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

घ) विवाह भै आएका महिलाका हकमा विवाह-दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ । अन्य जिल्लाबाट आयोजना प्रभावित क्षेत्रमा विवाह भै आएका महिलाहरुको हकमा नेपाल धितोपत्र बोर्डबाट स्विकृत भएको मिति २०८०/०३/२१ गते भन्दा अगावै विवाह भएको मिति खुलेको विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

ङ) अन्य जिल्लाबाट आयोजना प्रभावित क्षेत्रमा बसाईंसराई गरी आएका हकमा नेपाल धितोपत्र बोर्डबाट स्विकृत भएको मिति २०८०/०३/२१ गते भन्दा अगावै बसाई सराई गरी आएको मिति खुलेको बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

च) माथि उल्लेखित हुन छुटेका प्रभावित क्षेत्रमा स्थायी बसोबास गर्ने बासिन्दाहरु वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित नगरपालिका/गाउँपालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला समन्वय समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र संलग्न गर्नु पर्नेछ ।

छ) १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी प्रभावित क्षेत्र छोडी अन्य स्थान गएका महिला एवं जिल्ला छोडी बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

ज) आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

झ) धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ ।

ञ) आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्टरुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।

ट) एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

ठ) साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

ड) सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ

ढ) रु. ५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्ट पेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

ण( रु.५००,०००/- सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५००,०००/- भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान नम्बर (PAN No.) दरखास्त फारममा खुलाउनु पर्नेछ ।

त) दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ ।

थ) हितग्राही खाता खोलि सकेको आवेदकको हकमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ ।

द) यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम १,००,००० (एक लाख) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

**४. सर्वसाधारण शेयरधनीहरुको हकमा**

नेपाली नागरिकले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शये र निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्:

क) आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ ।

ख) आस्वा प्रणाली अन्तर्गतको आवेदन दिँदा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३, अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्ने (जस्तैः डिपी आईडी र क्लाइन्ट आईडी, खाता नं., नाम, थर, ठेगाना, सम्पर्क नं. नागरिकता नं., धितोपत्र निष्काशन कम्पनीको नाम, खरीद गर्न चाहेको धितोपत्रको संख्या, खरीद गर्न चाहेको धितोपत्रको रकम आदि) ।

ग) आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई “धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४” को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम फरी CRN नं. लिनुपर्नेछ ।

घ) आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा भएको विवरण मिल्नुपर्नेछ ।

ङ) आवेदकले CRN नं. प्राप्त गरे पश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।

च) आवेदकले आवेदनमा उल्लेख गरको हितग्राही परिचय नं. अन्य विवरण सि-आस्वा सफटवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ ।

छ) आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :
१) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
२) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं. र ईमेल ठेगाना ।
३) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
४) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
५) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)
६) आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
७) आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

ज) आवेदकले आवेदन दिँदा सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनु हुँदैन ।

झ) आवेदन दिएको रकम बराबरको रकम बकैं खातामा हुनु पर्नेछ ।

ञ) एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढि दरखास्त दिन पाइने छनै । यदि एक व्यक्तिको नाममा एक भन्दा बढि आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

ट) धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गरको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ ।

ठ) धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

ड) सिडिएस एण्ड क्लियरिङ्ग लि.बाट उपलब्ध गराइएको “मेरो सेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन दिन सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बकैं खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिइसकेको हुनुपर्नेछ ।

ढ) रितपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई साधारण शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक र सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ ।

ण) शेयर बाँडफाँड गरी सूचीकरण पश्चात बाँडफाँडमा परका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

त) रु.५००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढि रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा प्यान नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ । यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम १,००,०००(एक लाख) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।

**५. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :**

क) नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

ख) यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

ग) शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

घ) नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईट पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।

ङ) निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

च) आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदनदिन पाउने छैनन् र यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ ।

छ) आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

ज) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN No. लिईसकेको हुनु पर्नेछ ।

झ) रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

ञ) आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ ।
१. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।
२. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
३. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।
४. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।
५. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
६. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर

ट) आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।

ठ) आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

ड) एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

ढ) धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुंदा प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

ण) धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

त) शेयरको बाँडफाँड गरी सुचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ

थ) रु.५ लाख सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु.५ लाख वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

द) वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम १० अंकले भाग जाने गरी ५,००० कित्ता सम्मका लागि आवेदन दिन सक्नेछन् ।

**(ग) ११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ (दुई) वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकमः** आधारभुत तथा संस्थापक शेयरधनी रहेको गोरखा हाईड्रो एण्ड ईन्जिनियरिङ्ग प्रा. ली. लाई मासिक कन्सल्टेन्सी फि बापत आ. व. २०७७/७८ मा रकम रु. ६०,३९,४८८।१३ प्रदान गरिएको ।

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति** : कारोबार नभएको ।

(ख) **आधारभूत शेयरधनी** : आधारभुत तथा संस्थापक शेयरधनी रहेको गोरखा हाईड्रो एण्ड ईन्जिनियरिङ्ग प्रा. ली. लाई मासिक कन्सल्टेन्सी फि बापत आ. व. २०७७/७८ मा रु. ६०,३९,४८८।१३ रकम प्रदान गरिएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य** : कारोबार नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था** : सो नभएको ।

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा** : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) **कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने** : ऋण कारोबार गरेको छैन ।

**(ग) १२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण** : विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु : कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापनमा नरहेको ।

**(ग) १३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :**

(क) **संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या :** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या** : नभएको ।

**(ग) १४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण : हाल सम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

**(ग) १५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

(क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :

**(अ) लेखापरीक्षक** : कम्पनीको आ.व. २०७८/०७९ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण टि एन डी एशोसियट्सका सिएले गर्नुभएको छ । साथै यस कम्पनीको आ.व. २०७९/०८० को लेखापरिक्षकमा टीएनडी एशोसियट्सलाई नियुक्त गरिएको छ ।

**(आ) निष्काशन बैंक (Bankers to Issue)** : यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरहरुको लागि निष्काशन बैंक (Banket to Issue) को रुपमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सिंहदरबारप्लाजा, काठमाण्डौं लाई तोकिएको छ । साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी गराई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत निष्काशनको

लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

**(इ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।**

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना | खाताको नाम | बैंक खाता नम्बर |
|---|---|---|---|
| १. | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, टेकु, काठमाण्डौं । | RBBMBL-Chirkhwa | १७००१००००२४९८००१ |

**(ई) वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ** : यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने विज्ञमा निष्काशनकर्ता कम्पनी चिरख्वा हाइड्रोपावर लिमिटेड आफै रहेको छ ।

**(उ) वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ** : यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलाकेन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था साकेट आचार्यले प्रमाणित प्रमाणित गर्नुभएको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु** : सम्झौतामा भएका मुख्य मुख्य बुँदाहरु निम्न रहेका छन :

(१) लेखापरीक्षक : लेखापरीक्षकलाई आ.व. २०७८/०७९ को लेखापरीक्षण वापत रु. १६,९५०/- (कर सहित) शुल्क बुझाइने छ, अन्य कुनै शर्तहरु नरहेको ।

(२) निष्काशन बैंक: राष्ट्रिय वाणिज्य बैंक लिमिटेड निष्काशन बैंकको रुपमा रहेको छ । निष्काशन बैंकमा संकलन केन्द्रहरुबाट संकलन भएको एकमुष्ठ रकम जम्मा गरिनेछ ।

(३) वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ: वित्तिय प्रक्षेपण तयार गरिदिने विशेषज्ञलाई सेवा शुल्क वापत रकम दिएको छैन । प्रक्षेपित वित्तीय विवरण थपघट तथा परिमार्जन गर्नुपरेमा समेत सोही अनुसार प्रक्षेपित वित्तीय विवरण तयार गर्नुपर्नेछ ।

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि**

निष्काशित साधारण शेयरहरुमा आयोजना प्रभावित क्षेत्रका स्थानीयहरुबाट प्राप्त लगानी रकम निष्काशन बैंक (Bankers to the Isue) मा खोलिएको खातामा जम्मा गरी सो को संयुक्त सुरक्षण निष्काशन बैंक तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको जिम्मामा राखिनेछ । सो का लागि जम्मा हुने रकम तथा अनुमानित रकम रहने अवधिको बारेमा निष्काशन बैंकलाई जानकारी गराई आवश्यक सहमतिपत्र लिईनेछ ।

**(ग) १६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण:**

चिरख्वा हाइड्रोपावर लिमिटेड अन्तर्गतको आयोजना सञ्चालनका लागि राष्ट्रिय वाणिज्य बैंक मार्फत वित्तीय स्रोतहरुको प्रयोग गरिएको छ । सो वित्तिय श्रोतको विवरण देहाय बमोजिम रहेको छ :

विवरण

| क्र. सं. | बैंक/ वित्तीय संस्थाको नाम | कर्जाको नाम | हालसम्म प्राप्त कर्जा (शुरु कर्जा) रकम (ने.रु.) | कर्जाको भुक्तानी अवधि | ब्याज भुक्तानीको तरिका | किस्ता रकम | हालको ब्याजदर | हाल सम्म भुक्तान गरीएको कर्जा रकम ( ने.रु.) | हालको बाँकी कर्जा रकम (ने.रु.) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक लि. | Bridge Gap loan | १०,२०,००,००० | ३ महिना | त्रैमासिक | | | | १०,२०,००,००० |
| २ | राष्ट्रिय वाणिज्य बैंक लि. | Term loan | ४१,३९,८८,७०० | | त्रैमासिक | | | | ४१,३९,८८,७०० |
| ३ | राष्ट्रिय वाणिज्य बैंक लि. | Term loan | ७,२०,००,००० | | त्रैमासिक | | | | ७,२०,००,००० |

**(ग) १७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा** : सो नभएको ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण** : सो नभएको ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने** : सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु** : सो नभएको ।

**(ग) १८.गुनासो सुन्ने र समाधान गर्ने प्रकृया** : निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु धनलक्ष्मी श्रेष्ठ मार्फत प्रेषित गर्न सक्ने छन् : फोन नं.: ०१-५३४०९३२ एक्स्टेन्सन ०, E-mail: rbbmbl@rbbmbl.com.np

**(ग) १९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण** : सो नभएको ।

**(ग) २०.ऋणपत्र निष्काशन सम्बन्धी विवरण** : हालसम्म कम्पनीले ऋणपत्र जारी गरिएको छैन र आवश्यकता अनुसार भविष्यमा ऋणपत्र जारी गर्न सकिनेछ ।

**(ग) २१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण:** सो नभएको ।

**(ग) २२. अन्य सामान्य जानकारी:**

(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण: वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि टि एन डी एशोसियट्सकाले राय दिएको छ । त्यसै गरी लेखापरीक्षकले कम्पनीको आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदनमा ठिक छ भनी आफ्नो राय व्यक्त गरेको छ । विशेषज्ञको राय यसै विवरणपत्र साथ संलग्न गरिएको छ ।

(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण: गत तीन आर्थिक वर्ष भित्रमा संचालकमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ :

| क्र.सं | संचालकको नाम | बहाल रहेको अन्तिम मिति |
|---|---|---|
| १ | आङ दोर्जी लामा | मिति २०७८/११/०६ मा बसेको संचालक समितिको बैठकको निर्णयबाट नियुक्त गरेको र आगामी साधारण सभाले अनुमोदनका लागि पेश गर्ने निर्णय भएको । |
| २. | दावा जाङ्मू श्रेष्ठ लामा | मिति २०७७/०९/२६ मा सम्पन्न दोस्रो वार्षिक साधारण सभाबाट नियुक्त भई भई हाल सम्म कायम रहेका |

| | | |
|---|---|---|
| ३. | गेल्जे लामा (२०२२) | मिति २०७८/११/०६ मा बसेको संचालक समितिको बैठकले राजिनामा स्वीकृत गरेको र आगामी साधारण सभाले अनुमोदनका लागि पेश गर्ने निर्णय भएको । |

गत तीन आर्थिक वर्ष भित्रमा लेखापरीक्षक परिवर्तन भएको विवरण निम्नानुसार रहेको छ :

| आर्थिक वर्ष | लेखापरीक्षक | नियुक्ति मिति | कैफियत |
|---|---|---|---|
| २०७५/०७६ | ध्रुव एण्ड एशोसियट्स | मिति २०७४/०९/२८ मा सम्पन्न चिरख्वा हाइड्रोपावर प्रा.लि.को नवौं वार्षिक साधारण सभाले नियुक्त गरेको | |
| २०७६/०७७ | ध्रुव एण्ड एसोसियट्स | मिति २०७७/०८/११ मा सम्पन्न चिरख्वा हाइड्रोपावर लि.को संचालक समितिको निर्णयले नियुक्त गरेको वार्षिक साधारण सभाले अनुमोदन गरेको | |
| २०७७/०७८ | टी एन डी एसोसियट्स | मिति २०७७/०९/२४ मा सम्पन्न चिरख्वा हाइड्रोपावर लि.को वार्षिक साधारण सभाले नियुक्त गरेको | ध्रुव एण्ड एसोसियट्सले राजिनामा दिएकोले टी एन डी एसोसियट्सलाई नियुक्त गरेको |

(ग) **कम्पनी सचिवको नाम, ठेगाना र योग्यता** : काठमाण्डौ जिल्ला काठमाडौँ महानगरपालिका वडा नं. ७, निवासी, एम.फील. शैक्षिक योग्यता हासिल गर्नु भएका धान्यप्रसाद तिम्सिना यस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

(घ) **सार्वजनिक निष्काशन गर्नका लागि साधारण सभाबाट भएको निर्णय सम्बन्धी विवरण** : कम्पनीले आफ्नो जारी पूँजी रु. ४००,०००,०००/- (अक्षरेपी चालिस करोड रुपैयाँ) को १० प्रतिशत अर्थात रु. ४०,०००,०००/- (अक्षरेपी चार करोड रुपैयाँ) रकम बराबरको रु. १००/- अंकित दरको ४००,००० कित्ता शेयर प्रचलित कानून बमोजिम तयार गरिएको यस कम्पनीको वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनमा र आयोजनाबाट उत्पादित विद्युत षडानन्द नगरपालिका वडा नं. १ देखि ६ का आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि र जारी पूँजीको २० प्रतिशत अर्थात रु.८०,०००,०००/- (अक्षरेपी आठ करोड रुपैयाँ) रकम बराबरको रु. १००/- अंकित दरको ८००,००० कित्ता शेयर सर्वसाधारणहरुका लागि निष्काशन गर्न कम्पनीको मिति २०७७/०९/२४ मा सम्पन्न वार्षिक साधारण सभाबाट निर्णय गरेको छ ।

(ङ) **संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण** : यो आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

(च) **संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय**: कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक बर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

(१) कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, घट्टेकुलो, काठमाडौं ।

(२) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक आरविवि मर्चेन्ट बैंकिङ्ग लि., टेकु, काठमाडौं ।

(छ) **बोनस शेयर सम्बन्धी व्यवस्था**: हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

(ज) **शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा** : यस विवरणपत्र मार्फत निष्काशन गरिने रु. १२०,०००,०००/- (अक्षरेपी बाह्र करोड) रकम बराबरको रु. १००/- अंकित दरको १२००,००० (बाह्र लाख) कित्ता शेयर मध्ये आयोजना प्रभावित क्षेत्रका वासिन्दाका लागि ४००,००० (चार लाख) कित्ता निष्काशन गरिनेछ । सो शेयर निष्काशन पश्चात् यस विवरणपत्र मार्फत निष्काशन गरिन ८००,००० (आठ लाख) कित्ता साधारण शेयर (नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई १०% अर्थात ८०,००० कित्ता, कर्मचारीहरुलाई २% अर्थात १६,००० कित्ता तथा सामूहिक लगानी कोषहरुलाई ५% अर्थात ४०,००० कित्ता समेत) सर्वसाधारणहरुमा निष्काशन गरिनेछ । यस विवरणपत्र मार्फत स्थानिय बासिन्दाहरुलाई तथा नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई निष्काशन गरिने साधारण शेयर सबै बिक्री हुन नसकी बाँकी रहेमा त्यस्तो बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुलाई थप गरी बिक्री गर्न सकिनेछ ।

(झ) **कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण** : कम्पनीले कम्पनी ऐन, २०६३ (संशोधन सहित)ले गरेको व्यवस्थाहरु, आफुले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको छ र सोही निर्देशनहरुको दायराभित्र रहि कार्य गरिरहेको तथा यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ । साथै कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७८/७९ सम्मको पेश गर्नुपर्ने विवरणहरु पेश गरेकाले कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/१२/२२ गते कम्पनी अद्यावधिक सम्बन्धी पत्र प्राप्त गरेको छ ।

(ञ) **धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था** : यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरण गर्न आयोजना प्रभावित क्षेत्र तथा सर्वसाधारण दुवैको लागि नेपाल धितोपत्र बोर्डको आस्वा प्रणालीमा आवद्ध बैंक तथा वित्तीय संस्था मार्फत सि-आस्वा (C-ASBA) प्रणालीबाट आवेदन दिन सकिने व्यवस्था भएको हुँदा आफ्नो खाता रहेको बैंक तथा वित्तिय संस्था मार्फत वा हाल सिडिएससी (CDSC) ले प्रयोगमा ल्याएको मेरो शेयर (MERO SHARE) मार्फत शेयर खरिदका लागि आवेदन गर्न सकिनेछ । सोदेखि बाहेक आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दाहरुको हकमा आयोजना प्रभावित क्षेत्रमा कम्तीमा ४ स्थान तथा वढीमा आवश्यकता अनुसार संकलन केन्द्रको व्यवस्था गरी आवदेन फारम तथा विवरणपत्र वितरण र आवेदन फारम सहित दरखास्त रकम बुझिलिने व्यवस्था गरिनेछ । सर्वसाधारणको हकमा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुका तथा तिनका तोकिएको शाखा कार्यालयहरुबाट आबेदन दिनसक्ने व्यवस्था गरिएको छ ।

(ट) **क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था** : यस कम्पनीलाई इक्रा नेपाल लिमिटेडले “[ICRANP-IR] BB- (pronoucned ICRA NP issuer rating double B minus)" रेटिङ्ग सन् २०२३ फेब्रुअरी १३ (मिति २०७९/११/०१) मा प्रदान गरको छ । “[ICRANP-IR] BB- [pro noucned ICRA NP issuer rating double B minus]" ले कम्पनीको वित्तिय दायित्व बहन गर्न क्षमता औसत जोखिम "Moderate Risk of Default Regarding Timely Servicing of Financial Obligations" जनाउँदछ । इक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले सकारात्मक आधार जनाउँछ भने [ICRANP-IR) D ले नकारात्मक आधारहरू जनाउँछ ।

रेटिङ्ग प्रदान गरेको मिति : सन् २०२३ फेब्रुअरी १३ (मिति २०७९/११/०१) रेटिङ्ग बहाल रहने अवधि : सन् २०२४ फ्रबुअरी १३ (मिति २०८०/११/०१) सम्म

(ठ) **विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण** : यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक आरबिबि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौ रहेको छ ।

(ड) **सकारात्मक पक्षहरु :**

(१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको । जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बीमा गरिएको ।

(२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।

(३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

(ढ) **धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम (३) का व्यवस्थाहरु देहाय बमोजिम रहेको छ :**

(१) **आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि अवश्यक कार्यहरु अगाडि बढाई एक वषको अवधि पूरा गरिसकेको** : चिरख्वा हाईड्रोपावर कम्पनी प्रा.लि.मिति २०६७/१०/३१ गते स्थापना गरी तत् पश्चात मिति २०७६/०८/२६ बाट चिरख्वा हाईड्रोपावर कम्पनी लि.को रुपमा स्थापना भई कार्य गर्दै आएको छ ।

(२) **प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको** : यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र मिति २०७८/०९/२९ मा सम्पन्न चौथो वार्षिक साधारण सभाबाट चार्टर्ड एकाउण्टेण्ट संस्था टीएनडी एशोसियट्सलाई कम्पनीको लेखापरिक्षक नियुक्त गरिएको । कम्पनी ऐन, २०६३ को प्रावधान अनुरुप कम्पनीले आर्थिक वर्ष २०७८/०७९ को वार्षिक साधारण सभा मिति २०७९/०९/२२ गते सम्पन्न गरिसकेको छ ।

(३) **प्रचलित कानुन बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको** : कारोबार संचालन गर्न नेपाल विद्युत प्राधिकरणबाट मिति २०७५/०१/०७, उर्जा मन्त्रालयबाट मिति २०७३/०७/२५, उर्जा मन्त्रालय विद्युत विकास विभागबाट मिति २०७१/०६/१२ मा स्वीकृति लिइसकेको छ ।

(४) **संगठित संस्थाको लागि अवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको** : भैसकेको ।

(५) **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि अवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा खरिद प्रक्रिया अगाडि बढाइसकेको:** यस कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गरी निर्माण प्रक्रिया अन्तिम चरणमा रहेको ।

(६) **परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको** : यस कम्पनीको आयोजनामा संचालन भैरहेको चिरख्वा खोला जलविद्युत आयोजना निर्माणका लागि राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको संलग्नतामा फाइनान्सियल क्लोजर मिति २०७६/०९/०८ भैसकेको ।

(७) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेको** :यस कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग पछिल्लो पटक मिति २०७७/११/११ गतेका दिन विद्युत खरिद सम्झौता गरिसकेको ।

(८) **परियोजना निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको** : यस कम्पनीले परियोजना निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको ।

(९) **संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत पतिशत चुक्ता भैसकेको** : सस्थापकहरुले आफुले लिन कवलु गरेको रकम रु.२८०,०००,०००/- (अक्षरेपी अठ्ठाइस करोड रुपैयाँ) शत प्रतिशत चुक्ता भैसकेको र सो को अभिलेख कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत भैसकेको ।

(१०) **सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको** : निर्देशिकामा तोकिए बमोजिम शेयर प्रत्याभूति गरिएको ।

(ण) **शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था** : नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

(त) **धितोपत्र बिक्री खुल्ला अवधि** : यस विवरणपत्र मार्फत प्रथम चरणमा आयोजना प्रभावित क्षेत्र भोजपुर जिल्लाको षडानन्द नगरपालिकामा स्थायी रुपमा बसोबास गर्ने वासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढिमा ३० दिनसम्म खुल्ला रहनेछ । वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन हुनेछ । उक्त अवधिमा आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि निष्काशन गरेका तथा वैदेशिक रोजगारीमा रहेका नेपालीको लागि निष्काशन गरेको शेयर पुरा विक्री नभएमा उक्त विक्री नभएको शेयर समेत थप गरी दोस्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्यदिनको लागि खुल्ला गरिनेछ । सो अवधि भित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दोस्रो चरणको दरखास्त खुल्ला भएको मितिले वढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिन भन्दा अगाडी शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

**(ग)२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गेल्जे लामा | अध्यक्ष | |
| २ | श्री दीपक राई | प्रबन्ध संचालक | |
| ३ | श्री केदार कार्की | संचालक | |
| ४ | श्री आङ दोर्जी लामा | संचालक | |
| ५ | श्री डम्बर बहादुर कार्की | संचालक | |
| ६ | श्री गणेशमान सिंह कार्की | संचालक | |
| ७ | श्री वीर बहादुर राई | संचालक | |
| ८. | श्री दावा जाङ्मू श्रेष्ठ (लामा) | महिला संचालक | |
| ९. | श्री पहाड श्रेष्ठ | स्वतन्त्र संचालक | |
| १०. | श्री प्रचेत कुमार श्रेष्ठ | स्वतन्त्र संचालक | |

ग.२४. **बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्युडेलिजेन्स् सर्टिफिकेट) को प्रति :**

# आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड
## RBB MERCHANT BANKING LTD.
टेकु, काठमाण्डौ नेपाल ।

आरविवि मर्चेन्ट बैंकिङ्ग लि.
RBB MERCHANT BANKING LTD.
A subsidiary company of Rastriya Banijya Bank Ltd.

पत्र संख्या: ०७९/८०
च.नं.: 361

मितिः २०७९/०७/१७

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
खुमलटार, ललितपुर ।

**विषय : ड्यु डेलिजेन्स सर्टिफिकेट बारे ।**

महोदय,

चिरख्वा हाइड्रोपावर लिमिटेडको जारी पूँजी रु.४०,००,००,०००/- (अक्षरेपी चालिस करोड रुपैयाँ) मध्ये ३०% अर्थात रु. १२,०००,०००/- (अक्षरेपी बाह्र करोड रुपैयाँ) रकम बराबर प्रति शेयर रु. १००/- अंकित मुल्यको १२,००,००० (बाह्र लाख) कित्ता साधारण शेयर मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही जारी पूँजीको १०% अर्थात रु.४०,०००,०००/- (अक्षरेपी चार करोड रुपैया) रकम बराबरको रु. १००/- अंकित दरको ४,००,००० कित्ता शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाको लागि र बाँकी रहेको जारी पूँजीको २०% अर्थात रु. ८,००,००,०००/- (अक्षरेपी आठ करोड रुपैंया) रकम बराबरको रु. १००/- अंकित दरको ८,००,००० कित्ता (कर्मचारीहरुलाई २% अर्थात १६,००० कित्ता तथा सामूहिक लगानी कोषहरुलाई ५ प्रतिशत अर्थात ४०,००० कित्ता समेत) सर्वसाधारणहरुमा निष्काशन तथा विक्री प्रबन्धकको रुपमा सेवा दिन यस आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड मन्जुर गर्दछ । सार्वजनिक निष्काशन गर्ने क्रममा धितोपत्र कारोवार सँग सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयरको विक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको "विवरणपत्र" मा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कम्पनीको कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धित बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. कम्पनीले सार्वजनिक निष्काशनको लागि आवेदन दिने आवेदकहरुलाई निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु तथा दरखास्त फारम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशनकर्ता कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन २०७३, मा उल्लेखित सबै कुराहरु अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसंग अनुरुप हुने गरि कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकको तर्फबाट
**आरविवि मर्चेण्ट बैकिङ्ग लिमिटेड**

| | | |
|---|---|---|
| **नाम** | : | **बद्रि प्रसाद प्याकुरेल** |
| **पद** | : | **प्रमुख कार्यकारी अधिकृत** |
| **सही** | : | |
| **कार्यालयको छाप** | : | |

ग.२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

**Kandel & Associates**
Chartered Accountants

ICAN Regd. No: 678
Pan No: 104829253
COP Number: 775

## REPORT ON EXAMINATION OF PROJECTED FINANCIAL STATEMENTS OF CHIRKHWA HYDROPOWER LIMITED

### Report on the Financial Statements

We have reviewed the projected financial statements on **M/S Chirkhwa Hydropower Limited** in the accordance with the Nepal Standard on Assurance Engagements 3400 applicable to the examination of prospective financial information for the Financials years 2079-80, 2080-81, 2081-82 to 2083-84.

### Opinion

In our opinion and to the best of our information and according to the explanations given to us, except for the matter described in the basis for option section of our report, the accompanying projected financial statements present fairly, in all material respects and assumptions taken for projection, the financial position of the company of mentioned periods and each financial performance and its cash flow for the year then ended.

### Basis for opinion

Our responsibility under those standards is further described in the "Auditor's Responsibilities for the audit of the Financial Statement" section of our report. We are independent of the company in accordance with the ethical requirements that are relevant to our audit of the financial statement, and we have fulfilled our ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate evidence to provide a basis for our opinion.

### Responsibilities of Management for the Financial Statements

Management is responsible for the preparation and presentation of projections including the assumptions set out which it is based. This projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, readers are cautioned that this projection may not be appropriate for purposes other than that described above.

### Auditor's responsibilities

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error and to issue an Auditor's Report that includes our opinion.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection.

Further, in our opinion the projection is properly prepared based on the assumptions and estimates applicable to the entity. Even if the events anticipated under the hypothetical assumptions described

Kandel & Associates Chartered Accountants Kathmandu

Madhavi Tower, 4th Floor, Putalisadak, Kathmandu, Nepal,

above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

**Emphasis of Matter: Restriction on Distribution & Use**

We draw attention this projected financial statements are prepared as per the requirement to issue equity shares. As a result, our report and the attached projected financials may not be suitable for another purpose other than for the purpose of complying the norms of issuing shares. Our report is intended solely for the purpose of issuing shares as mentioned above and should not be used other than mentioned. Our opinion is not modified in respect of this matter.

**For Kandel & Associates**

Chartered Accountants

Kandel & Associates * Chartered Accountants * Kathmandu

CA Narayan Kandel

*Proprietor*

Date:17th March 2023

UDIN: 230317CA010654fGQ9

Place: Kathmandu, Nepal